

## तपाईंको खाताहरु र सेवाहरु सुरक्षित राख्नुहोस्

- पैसा वा सम्पत्तिहरु, जुन तपाईंको आफ्नै होइन, तिनको कारोबार गर्न अरुलाई नसघाउनुहोस्
- तपाईंको अनुमति बिना अरुलाई खाता चलाउन नदिनुहोस्



- तपाईंको व्यक्तिगत विवरणहरु, खाताको जानकारीहरु, सुरक्षा उपकरण, इन्टरनेट बैंकिङ, आइडि र पासवर्ड, एटिएम कार्ड, क्रेडिट कार्ड, कार्ड भेरिफिकेशन भ्यालु वा चेक बुक अरुलाई नदिनुहोस्
- आफ्नो सुरक्षित बचत लकर अरुहरुलाई भाडामा नदिनुहोस्, कुनै उप-ठेक्का वा अरुसँग त्यसको साझारुपमा प्रयोग नगर्नुहोस्



- आफ्नो सुरक्षित बचत लकर कुनै पनि गैह्-कानूनी उद्देश्यकोलागि प्रयोग नगर्नुहोस्, वा कुनै खतराजन्य सामानहरु राख्न प्रयोग नगर्नुहोस् जस्तै विष्फोटक वा विनाशकारी वस्तुहरु। अरुहरुलाई कुनै पनि प्रकारले बाधा पुग्ने गरि त्यसको प्रयोग नगर्नुहोस्। प्रचलित नियम र शर्तहरु उल्लङघन भएको अवस्थामा, हामी तपाईंलाई सुरक्षित बचत लकर सेवाहरु उपलब्ध गराउन असमर्थ हुनेछौं



- तपाईं बाहेक वा तपाईंले नियुक्त गर्नु भएको प्रतिनिधि बाहेक कसैले पनि तपाईंको सुरक्षित बचत लकरमा पहुँच नपाएको भन्ने कुरालाई सुनिश्चित गर्नुहोस्



- अवैध रुपमा बैंकको नामबाट पठाइएको भन्दै दावी गरेर फोनबाट ठग्ने र जालसाजी गर्ने किसिमका इमेलहरु विरुद्ध सचेत रहनुहोस्




- एन्टी भाइरस सफ्टवेर, सुरक्षित नेटवर्क कनेक्शन र फायरवाल रक्षाको प्रयोग गर्दै तपाईंको कम्प्युटरको सेक्युरिटी समयअनुकुल भएको सुनिश्चित गर्नुहोस्

# तपाईंको ग्राहक सुचनाहरु समयानुकूल अपडेट नगरिएको खण्डमा के हुन सक्छ?

हाम्रा सम्पुर्ण ग्राहकहरुको सठिक सुचनाहरु नै सम्पत्ति शुद्दिकरण, ठगी धन्दा वा कर छली पत्ता लगाउने र रोक्ने हाम्रो क्षमताको एउटा प्रमुख भाग हो।



- तपाईंको अद्यावधिक सुचना नभएको खण्डमा, हामीले तपाईंलाई तपाईंको विद्यमान प्रोफाइलसँग नमिलेको खाताको कारोबारको विषयमा पुष्टि गर्ने कागजातहरुको विषयमा सोध्न सक्छौं, उदाहरणमा, पुष्टि गर्ने कागजातहरु बिना गरिएका ठुलो निक्षेपहरु जुन तपाईंको सामान्य व्यक्तिगत प्रोफाइलसँग मेल खाँदैन र ठुला वायर ट्रान्सफरहरु वा नगद निक्षेपहरुलाई प्रमाणित गर्न गाह्रो हुने जस्ता कुराहरु पर्दछन्
- यदी तपाईंको व्यक्तिगत खातामा भएका असामान्य गतिविधि व्याख्या गर्न सकिन्न भने हामीसँग विप्रेषण जस्ता केही बैंकिङ सेवाहरु रोक लगाउने वा ढिलाई गर्ने, वा तपाईंसँगको हाम्रो बैकिङ सम्बन्ध अन्त्य गर्ने बाहेक अरु उपाय हुँदैन
- हामीले गरेको सुचनाको अनुरोधहरुको जवाफले हामीलाई तपाईंको खाताहरुमा भएको गतिविधि बुझ्न सहायता गर्छ र सेवाहरु अनेपेक्षित रुपमा रुकावट नभएको वा खाता बन्द भएको भनी सुनिश्चित गर्दछ।
- तपाईंको सुचनाहरु परिवर्तन हुने वित्तिकै, जति सक्दो चाँडो तपाईंको बैंकलाई अवगत गराउनुहोस् जसले तपाईंको खातामा भएको विभिन्न गतिविधिलाई जनाउँछ -जस्तै, पारिवारिक परिस्थितिहरुमा, नोकरी वा तपाईं बस्नु हुने देश/क्षेत्रमा भएका परिवर्तनहरु



# वित्तीय अपराधसँग हामी कसरी सँगै मिलेर लड्न सक्छौं



वित्तीय व्यवस्थाको निष्ठालाई रक्षा गर्न हामी प्रतिबद्ध छौं जसमाथी हामी सबैजना वित्तीय अपराधबाट बच्दै भर पर्न सक्छौं । हामीले तपाईंसँग अनुरोध गरेको सूचनाले यो उपलब्धि हासिल गर्न हामीलाई सहायता गर्नेछ ।

## तपाईंले हामीबाट सूचनाको अनुरोध प्राप्त गर्नु भएको खण्डमा तपाईंले के गर्नु पर्छ?

- हामीबाट आउने पत्रहरु, इमेलहरु र फोनहरुलाई ध्यान दिनुहोस्
- यथासमयमा हाम्रा सुचनाको अनुरोधहरुको जवाफ दिनुहोस्
- तपाईंले हामीलाई उपलब्ध गराउनुहुने सुचनाहरु पुर्ण, सठिक र अद्यावधिक भएको सुनिश्चित गर्नुहोस्
- तपाईंको व्यक्तिगत सुचनाहरुलाई अपडेट गराउने विषयमा कुनै पनि प्रश्नहरु भएमा हामीलाई सम्पर्क गर्न अप्ठ्यारो नमान्नुहोस्



## हामीलाई सम्पर्क गर्नुहोस्

कृपया हङकङको कुनै पनि HSBCको शाखामा जानुहोस् वा फोन गर्नुहोस् (852) 2233 3322 (HSBC प्रिमियर ग्राहकहरुकालागि) (852) 2748 8333 (HSBC एड्भान्स ग्राहकहरुकालागि) वा (852) 2233 3000 (अन्य व्यक्तिगत ग्राहकहरुका लागि)

व्यवसायिक वैकिङको लागि कृपया कुनै पनि HSBC बिजिनेस केन्द्रमा जानुहोस् वा हाम्रो व्यवसायिक बैकिङ सेवा हटलाईनमा फोन गर्नुहोस् (852) 2748 8288 (भाषा #-छनौट पछि 0 थिच्नुहोस्)

FSC™ www.fsc.org
MIX
Paper from responsible sources
FSC™ C009014

हङकङ तथा शांघाई बैंकिङ कर्पोरेशन लिमिटेडबाट जारी गरिएको

# तपाईंको बैंक खातालाई स्मार्ट प्रकारले व्यवस्थापन गर्ने

व्यक्तिगत ग्राहकहरुको निम्ति एउटा निर्देशिका
हङ्कङ्मा



HSBC

# कसरी यस निर्देशिकाले मद्दत गर्न सक्छ?

**तपाईंको बैंक खाता र गतिविधिको सहि व्यवस्थापन गर्नाले तपाईंको र बृहत् समुदाय दुवैको अर्थ (वित्त)को सुरक्षा गर्नेछ।**

तपाईंको बैकिङ स्पष्ट रहो्स, ठगी र वित्तीय अपराधबाट सुरक्षित रहोस् भनी सुनिश्चित गर्नको निम्ति, यस निर्देशिका निम्न विषयमा उपयोगी सुझावहरु उपलब्ध गराउँछ

- दैनिक रुपमा उत्तम तरिकाले कसरी खातालाई व्यवस्थापन गर्ने
- तपाईंको ग्राहक जानकारीहरुलाई अद्यावधिक राखिएको छैन भनेको के हुनसक्छ
- वित्तिय अपराधसँग हामी कसरी सँगै मिलेर लड्न सक्छौं


# दैनिक रुपमा उत्तम तरिकाले कसरी खातालाई व्यवस्थापन गर्ने

**यहाँ केही बानीहरु र अभ्यासहरु दिइएका छन् जसले तपाईंलाई प्रभावकारी ढङ्गले तपाईंको खाता व्यवस्थापन गर्न र ठगी तथा वित्तिय अपराधबाट बच्न मद्दत गर्नसक्छ**



## तपाईंको व्यक्तिगत खाताहरु व्यक्तिगत प्रयोगकोलागि राख्नुहोस्

- तपाईंको व्यक्तिगत खातालाई व्यासायिक उद्देश्यको निम्ति प्रयोग नगर्नुहोस्, जस्तै आपूर्तिकर्ताहरुलाई भुक्तानी गर्ने वा बिक्री आय प्राप्त गर्न, किनभने यी कुराहरु यो खाताको उद्देश्य अनुरुप मिल्दैन, साथै प्रमाणित गर्न गाह्रो पर्छ। यस्ता कारोबारहरुले बैंकको निम्ति रातो झण्डाहरु खडा गर्नसक्छ किनभने यस्ता तरिकाहरु सामान्यतया अवांछनीय क्रियाकलापहरुसँग मेल खान्छ जस्तै सम्पत्ति शुद्धिकरण वा कर छली



- व्यवसाय मालिकहरुलाई उहाँहरुको व्यवसायबाट आर्जित नाफाहरु कानून सम्मत उहाँहरुको व्यक्तिगत खाताहरुमा प्राप्त गर्नलाई कुनै समस्या छैन, जस्तै तलब आय, निर्देशकको ज्याला, तोकिएको निर्देशकको ऋणको चुक्ता, लाभांश, शेयर कित्ताको बिक्री वा खरिद, र व्यक्तिगत खर्चहरुको भुक्तानी, यी सबैको उचित अभिलेख राखिएको खण्डमा।



- तपाईंको व्यवसायिक आवश्यकताहरुको लागि व्यवसायिक बैंकिङ सेवाहरुको उपयोग गर्नुहोस् जहाँ तपाईंले विशेष सुविधाहरु, उत्पादनहरु र परामर्शहरु पाउनु हुनेछ, जुन व्यक्तिगत ग्राहकहरुलाई उपलब्ध छैन। तपाईंको व्यक्तिगत खाताहरु र कर स्थिति बिग्रन सक्छ, सम्भावित रुपमा क्रेडिट सुविधाहरुमा तपाईंको पहुँचलाई असर पार्न सक्छ

- यदि तपाईंले असामान्य रुपमा उच्च मुल्य वा परिमाणमा तपाईंको खातामा केही निश्चित समय अवधिमा- जस्तै, तेस्रो पार्टीहरुसँगको नयाँ लगानी श्रोतहरु वा कारोबारीहरुको बारेमा पूर्वानुमान गर्नुभयो भने तपाईं आफै अग्रसर भएर तपाईंको बैंकलाई सुचित गर्नुहोस्

## सही अभिलेखहरु राख्नुहोस्



- तपाईंको बैंक खाताहरु नियमित रुपमा जाँच गर्नुहोस् र सबै गतिविधिहरुलाई तपाईंको बैंक स्टेटमेन्टसँग मिलान गर्नुहोस्



- तपाईं आफ्नो आयको, ट्रान्सफरहरुको र व्ययको साथै बिलहरु, चलानीहरु र पुष्टि गर्ने कागजातहरुको रेकर्ड राख्ने कुरालाई सुनिश्चित गर्नुहोस्
- भुक्तानीको कारोबारहरुको निम्ति इलेक्ट्रोनिक च्यानलहरुको, जस्तै टेलिग्राफिक ट्रान्सफर र इलेक्ट्रोनिक बैंक ट्रान्सफरको प्रयोग गर्नुहोस्, जसले गर्दा कोषहरुको उद्गम र गन्तव्यलाई पछ्याउन सजिलो हुन्छ



- तपाईंको करको दायित्वलाई बुझ्नुहोस् र पालना गर्नुहोस्। हामीलाई तपाईंको कर निवासीको जानकारीहरु उपलब्ध गराउनुहोस् साथै करको कागजातहरुको एउटा स्पष्ट अभिलेख राख्नुहोस्



- यदि तपाईंसँग एक भन्दा बढी परिचय पत्रहरु छन् भने, सँधै एउटै परिचय पत्रको जानकारी तपाईंको बैंकलाई उपलब्ध गराउनुहोस्। सहि समयमा तपाईंको परिचय पत्रहरुमा भएको कुनैपनि परिवर्तनको विषयमा तपाईंको बैंकलाई अवगत गराउनुहोस्

